फोन/फ्याक्स नं. : ४५६५३६२
इमेल: info@deoc.gov.np

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

पत्र संख्या :- ०८१/८२
चलानी नं.:-

## सहकारी संस्थाहरुका ऋणी सदस्यहरुलाई ऋण भुक्तान गर्ने सम्वन्धी जरुरी सूचना।

प्रकाशित मिति- २०८१/०७/१३

सहकारी संस्थाहरुबाट ऋण लिएका ऋणी सदस्यहरुले तोकिएको समयभित्र ऋणको सावाँ तथा व्याज चुक्ता नगर्दा केही संस्थाहरुमा तरलताको समस्या भई सदस्यहरुको बचत फिर्ता गर्न नसकेको गुनासो आइरहेको छ। सहकारी संस्थामा सदस्यहरुको बचत रकम नै कर्जाको रुपमा प्रवाह हुने र ऋणी सदस्यहरुले समयमा नै आफुले भुक्तान गर्नुपर्ने सावाँ तथा व्याज चुक्ता नगर्दा सदस्यहरुको बचत फिर्तामा नकरात्मक असर परेको छ । त्यसैले सहकारी संस्थाका सम्पूर्ण ऋणी सदस्यहरुलाई प्रचलित सहकारी ऐन, नियमावली, निर्देशिका एवं मापदण्डको बर्खिलाप नहुने गरी जुन सम्झौता वा शर्त बमोजिम ऋण लिएको हो सोही बमोजिम ऋणको सावाँ र व्याज लगायतका रकम सम्वन्धित सहकारी संस्थामा समयमा नै भुक्तान गरी जिम्मेवार सदस्यको दायित्व पूरा गर्नुहुन जानकारी गराईन्छ। अन्यथा प्रचलित कानून बमोजिम कारवाही भई जाने व्यहोरा समेत अवगत गराईन्छ।

साथै सहकारी संस्थाहरुले समेत सहकारी ऐन, २०७४ को दफा ७९ तथा सहकारी नियमावली, २०७५ को नियम ३० बमोजिमका ऋण तथा बाँकी बक्यौता असुली गर्ने सम्वन्धी व्यवस्थाहरु लगायतका प्रचलित कानुनी प्रावधानहरुको पूर्ण परिपालना गरी आफ्ना सदस्यहरुको ऋण तथा बाँकी बक्यौता असुली गर्ने तर्फ थप क्रियाशिल रहन जानकारी गराईन्छ।

रजिष्ट्रार
सहकारी विभाग
पिताम्बर घिमिरे
रजिष्ट्रार